# गुल्मीदरबार गाउँपालिका

## स्थानीय राजपत्र

**खण्ड :४ माघ २५ गते आईतबार, २०७७ अतिरिक्ताङ्क १**

## भाग-२

## सूचना

गुल्मीदरबार गाउँपालिकाले तल लेखिए बमोजिम कार्यविधि संशोधन गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

### करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७४

**प्रस्तावना :** गुल्मीदरबार गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७४ मा संशोधन गर्न वाञ्छनीय भएकोले,

गुल्मीदरबार गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

क. यस कार्यविधिको नाम " गुल्मीदरबार गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७४" रहेको छ ।

ख. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **मूल कार्यविधिको दफा ४.(३) (क) मा संशोधनः** ६० (साठी) को सट्टा ३० (तीस) अंक, ५५ को सट्टा २५ (पच्चिस), ५० को सट्टा २० (बीस) र ४५ को सट्टा १५ (पन्ध्र) भन्ने शब्द राख्ने ।

३. **मूल कार्यविधिको दफा ४.(३) (घ) पछि देहायको दफा ४.(३) (ङ) राखिएको छ :**

**लिखित परीक्षा वापत - ३० (तीस) अंक**

विभिन्न पदको लागि वस्तुगत लिखित परीक्षा संचालन गरिनेछ । वस्तुगत प्रश्न विषय विज्ञ मार्फत तयार गर्न सकिनेछ । विषय विज्ञले ३ सेट (A, B, C ) प्रश्न तयार गरी पदपूर्ति समिति सक्षम पेश गर्नु पर्नेछ । पदपूर्ति समितिले गोलाप्रथाबाट (A, B, C) मध्येबाट एक सेट छनौट गरी लिखित परीक्षा संचालन गर्नु पर्नेछ । प्रश्न पत्र निर्माण खर्च वापत एकमुष्ठ रु. २०००।- (अक्षेरुपी दुई हजार मात्र) रकम उपलब्ध गराउन सकिनेछ ।

४. **मूल कार्यविधिको दफा ५ मा संशोधनः** अन्तर्वार्ता र सूचिकरण समितिको सट्टा “पदपूर्ति” भन्ने शब्द राख्ने ।

आज्ञाले,

(लक्ष्मण पाण्डे)

प्रमुख प्रशासकीय अधिकृत